# सर्वोत्तम सिमेन्ट लिमिटेड

का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
E-mail : info@sarbottamcement.com | Website : sarbottamcement.com

## सातौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०३)

आदरणीय, शेयरधनीमहानुभावहरु

**सर्वोत्तम सिमेन्ट लिमिटेडको** मिति २०८२ कार्तिक २८ गते बसेको सञ्चालक समितिको २३७ औ बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा यस कम्पनीको सातौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

## वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय

**मिति :** २०८२ साल मंसिर २६ गते शुक्रबार (१२ डिसेम्वर २०२५)

**समय :** बिहान ११:०० बजे ।

**स्थान : होटल सिद्धार्थ भिलासा भैरहवा, रुपन्देही ।**

## छलफल गर्ने विषयहरू

**(क) सामान्य प्रस्तावहरू**

१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८१/०८२ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुँजीको १५% का दरले हुन आउने रु ७४,६३,२५,०००।- ( अक्षरुपी चौहत्तर करोड त्रिसठ्ठी लाख पच्चिस हजार रुपैंया मात्र) लाभांश कर सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने सम्बन्धमा ।

५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोबार बिबरणलाई अनुमोदन गर्नै प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

६) विविध ।

**(ख) विशेष प्रस्तावहरू**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८१।८२ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुँजी रु ४,९७,५५,००,०००।- को ५% का दरले हुन आउने रु २४,८७,७५,०००।- (अक्षरुपी चौविस करोड सतासी लाख पचहत्तर हजार रुपैंया मात्र) बराबरको बोनश शेयर वितरण गर्न छलफल गरी पारित गर्ने । उक्त बोनश शेयर वितरण गर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने सम्बन्धमा ।

२) सञ्चालकहरुलाई मासिक पारिश्रमिक, बैठक भत्ता तथा उप समिति बैठक भत्ता सम्बन्धमा ।

३) प्रस्तावीत बोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजीमा प्रभाव परी पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन पारित गर्ने सम्बन्धमा ।

४) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन फेरबदल वा थपघट गर्न कुनै सुझाव निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५) विविध ।

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी जानकारी

१) साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८२/०८/१२ गते शुक्रवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा शेयरधनी दर्ता किताब बन्द (Book close) हुन भन्दा अघिल्लो दिन २०८२/०८/११ सम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन् ।

२. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण र हितग्राही खाता खोली शेयर अभौतीकरण गरिएको विवरण देखिने म्झबत Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउन हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा बिहान १०:०० बजे देखि खुल्ला रहनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

४. आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website: sarbottamcement.com मा पनि हेर्न सक्नुहुनेछ ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०८२/०८/२४ गते बिहानको १०:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ ।

७. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

८. साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

९. कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु निरिक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय, तिनकुने काठमाण्डौमा सम्पर्क राख्न सकिनेछ । शेयरधनिहरुले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिन सक्नेछन् ।

१०. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

सर्वोत्तम सिमेन्ट लिमिटेड
का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
E-mail : info@Sarbottamcement.com | Website : sarbottamcement.com